CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

मिति: २०७८/०९/०५
च.नं. २४

श्री नेपाल स्टक एक्सचेन्ज लि,
सिंहदरवार प्लाजा,काठमाण्डौ ।

बिषय : कम्पनीको १२ औं वार्षिक साधारणसभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०७८/०९/०५ गते (तदनुसार २० डिसेम्बर २०२१) सोमवार दिउसो ३ बजेदेखि ३ :३० सम्म बसेको २७ औ संचालक समितिको बैंठकवाट निर्णय भए बमोजिम कम्पनीको १२औं वार्षिक साधारण सभा २०७८ साल पौष २९ गते विहिवार (तदनुसार १३ जनवरी २०२२) विहान ११ वजे कम्पनीको कार्यालय थानकोट, काठमाण्डौ, टप स्टेसन परिसरमा (स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्दे भौतिक दूरी कायम गरी) हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ । साथै हाल सम्म पनि कायम रहेको कोभिड-१९ को महामारीको जोखिमलाई मध्यनजर गर्दे शेयरधनीहरु साधारण सभामा अनलाईन (Zoom Cloud Meetings) को माध्यमबाट (भर्च्युल रुपमा) समेत सहभागि हुन सक्ने व्यवस्था गरिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछौ ।

साथै कम्पनीको बाह्रौ साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०७८/०९/१६ गते शुक्रवार एक दिनको लागि बन्द रहने व्यहोरा अनुरोध गर्दछौ ।

साधारण सभा सम्बन्धी विवरण:

क) सभा हुने मिति,समय तथा स्थान :

मिति : २०७८ साल पौष २९ गते विहिवारका दिन (तदनुशार जनवरी १३, २०२२)

समय : दिनको ११.०० बजे

स्थान : चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट , टप स्टेशन परिसरमा ।

छलफलका विषयहरु:

क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत बाह्रौ वार्षिक प्रतिबेदन पारीत गर्ने ।

Chandragiri Hills Ltd.
Thankot, Kathmandu, Nepal
Tel: 977-1-4312515/ 4311719
Fax: 977-1-4002582
www.chandragirihills.com
VAT No. 303814991

CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

Chandragiri Hills Ltd. Kathmandu

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात,नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तिय विवरण स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजीम आ.व.२०७८/०७९ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सर्वसाधारण शेयरधनीवाट एक जना संचालकको निर्वाचन गर्ने ।

५) स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्ताव

१. चन्द्रागिरि हिल्स लिमिटेडको प्रवन्धपत्रको दफा ४ (१) मा कम्पनीको उद्देश्यमा थप गरी संसोधन गर्ने र उक्त संसोधनमा नियमक निकायबाट सुझाव वा निर्देशन भएमा सो बमोजिम आवश्यक संसोधन वा परिमार्जनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध ।

धन्यवाद

....
झलक राज शर्मा
कम्पनी सचिव

बोधार्थ :
१) नेपाल धितोपत्र वोर्ड
खुमलटार, ललितपूर

२) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ

३) ग्लोवल आइएमई क्यापिटल लिमिटेड
नक्शाल, काठमाण्डौ ।

Chandragiri Hills Ltd.
Thankot, Kathmandu, Nepal
Tel: 977-1-4312515/ 4311719
Fax: 977-1-4002582
www.chandragirihills.com
VAT No. 303814991